annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ७४ पृष्ठ ८ | काठमाडौं, आइतबार ३० असार २०८१ | आषाढ शुक्लपक्ष नवमी, नेपाल संवत् ११४४ | SUNDAY, JULY 14, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# त्रिशूलीको तीर, सधैं पिर

जब बर्खा लाग्छ, त्रिशूली सुन्नासाथ आङ सिरिङ्ग गर्छ। राजधानी जोड्ने यो राजमार्ग यात्रा नगरी पनि हुन्न, गर्दा पनि कसरी कट्ने त्राहिमाम हुन्छ। कुनै भवितव्य भयो वा अलिकति मात्रै गल्ती गरियो भने सोझै त्रिशूलीमा सवारी साधन खस्छ। माथि हेर्‍यो पहिरोको डर, तल गहिरो त्रिशूली। कयौं सवारीसाधन त्रिशूलीमा गायब भएका छन्। यो सडक खण्डमा थुप्रै दुर्घटना भए, हजारौंको ज्यान गयो। देख्दा सामान्य भए पनि त्रिशूलीको तीर सधैंको पिर बनेको छ।

**नारायणगढ–मुग्लिन सडकखण्डको सत्रकिलोमा शुक्रबार अगाडिको सिसा फुटाउँदै बसको स्टेरिङमा पुगेको ढुंगा। माथिबाट बज्रिएको उक्त ढुंगाले टाउकामा लाग्दा पनि चालक मेघनाथ विकले केही परसम्म सुरक्षित ठाउँमा बस पुर्‍याई सबै ३० यात्रुलाई बचाएका थिए। बुटवलबाट काठमाडौं जाँदै गरेको लु २ ख ६५६६ नम्बरको प्रतिज्ञा ट्राभलका चालक नवलपरासी सुनवल नगरपालिका–४ बस्ने ३६ वर्षीय मेघनाथको भने निधन भएको छ।**
● अनिल ढकाल

**अनिल ढकाल** | *चितवन*
– को रिपोर्ट

समाचार पृष्ठ २

## ‘सडक दुर्घटना आधा गर्न सकिन्छ’



**प्रकाशचन्द्र भण्डारी**

इजलास


नेपालमा हुने सडक दुर्घटनासम्बन्धी ‘एक्सन अफ डिकेड प्लान’ (सन् २०२०-२०३०) कार्यान्वयनको चरणमा छौं। हामीले राष्ट्रसंघीय महासभामा सन् २०३० भित्र हाल भइरहेको सडक दुर्घटनाबाट हुने मृतक र गम्भीर घाइतेको संख्या आधा गर्ने प्रतिबद्धता पनि जनाएका छौं। नेपाल प्रहरीको तथ्यांक हेर्ने हो भने वार्षिक सडक दुर्घटनाबाट हुने मृतकको संख्या २९ सय हाराहारी छ। तर, विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले भन्छ, ‘यो त रिपोर्टेड केस मात्र हो, नेपालमा बर्सेनि सडक दुर्घटनाबाट हुने मृतक र गम्भीर घाइतेको संख्या करिब आठ हजार छ।’

प्रतिबद्धताअनुसार अब हामीले यो संख्या चार हजारमा झार्नुपर्छ। जुन बोलेजस्तो सजिलो भने छैन। तर सबै पक्षले भने जसरी काम गर्ने हो भने कठिन पनि छैन। मूल समस्या भनेको कार्ययोजना ‘सिंगल डिरेक्सन’मा सञ्चालन नहुनु नै हो। यसमा काम गर्ने जति पनि स्टेकहोल्डर छन्, सबैबीच समन्वय सहज र कार्यान्वयनमा केन्द्रित हुनुपर्छ। सर्वप्रथम ‘क्र्यास’ नै घटाउनु पर्छ। दोस्रो, सकेसम्म मृतकको संख्या घटाउनु पर्छ। तेस्रो, गम्भीर घाइते घटाउनु पर्छ। लक्ष्य यति हुन् किनकि सामान्य घाइतेमा हामी केन्द्रित छैनौं, हुनै पर्दैन।

यसका लागि ‘रोड सेफ्टी’ हुनुपर्छ त्यसमा ‘रोड इन्जिनियरिङ’को पक्ष हेर्नुपर्छ। सुरक्षित सडक भएपछि बाँकीमा केन्द्रित हुनुपर्छ। त्यसपछि ‘सवारीसाधन सुरक्षित’ हुनुपर्छ। यसमा गाडीहरू ‘कन्डिसन्ड’ हुनुपर्छ, त्यसपछि चालक अनुभवी र परिपक्व हुनुपर्छ। ‘ओभर ड्युटी’ दिनु भएन विशेषत: लामो रुटमा। लाइसेन्सको दुरुपयोग हुन दिन भएन। यसरी ‘सेफर रोड, सेफर भेइकल’ भएपछि पनि दुर्घटना भइहाल्यो भने तत्काल गुणस्तरीय ढंगको ‘व्यवस्थापन’ हुनुपर्छ। यसमा सरकारका सम्बन्धित सबै निकायबीच समन्वय, तत्परता र द्रुत कार्यान्वयनको ‘कम्बिनेसन’ मिल्नुपर्छ।

*(भण्डारी, सडक विभागको रोड सेफ्टी एन्ड ट्राफिक युनिटका सिनियर डिभिजनल इन्जिनियर हुन्।)*

# सबै प्रदेशमा सत्ताहीन बन्दै माओवादी



**सदूरपश्चिम प्रदेश**

| | |
|---|---|
| नेपाली कांग्रेस | १८ |
| नेकपा (माओवादी केन्द्र) | ११ |
| नेकपा एमाले | ११ |
| नागरिक उन्मुक्ति पार्टी | ७ |
| राप्रपा | १ |
| नेकपा (एस) | ४ |
| स्वतन्त्र | १ |

**कर्णाली प्रदेश**

| | |
|---|---|
| नेपाली कांग्रेस | १४ |
| नेकपा (माओवादी केन्द्र) | १३ |
| नेकपा एमाले | १० |
| राप्रपा | १ |
| नेकपा (एस) | १ |
| स्वतन्त्र | १ |

**गण्डकी प्रदेश**

| | |
|---|---|
| नेपाली कांग्रेस | २७ |
| नेकपा एमाले | २२ |
| नेकपा (माओवादी केन्द्र) | ८ |
| राप्रपा | २ |
| स्वतन्त्र | १ |

**बागमती प्रदेश**

| | |
|---|---|
| नेपाली कांग्रेस | ३७ |
| नेकपा एमाले | २७ |
| नेकपा (माओवादी केन्द्र) | २१ |
| राप्रपा | १३ |
| नेकपा (एस) | ७ |
| नेपाल मजदुर किसान पार्टी | ३ |
| हाम्रो नेपाली पार्टी | २ |

**कोशी प्रदेश**

| | |
|---|---|
| नेकपा एमाले | ४० |
| नेपाली कांग्रेस | २९ |
| नेकपा (माओवादी केन्द्र) | १३ |
| राप्रपा | ६ |
| नेकपा (एस) | ४ |
| जसपा नेपाल | १ |

**लुम्बिनी प्रदेश**

| | |
|---|---|
| नेकपा एमाले | २९ |
| नेपाली कांग्रेस | २७ |
| राप्रपा | ४ |
| नागरिक उन्मुक्ति पार्टी | ४ |
| लोकतान्त्रिक समाजवादी | ३ |
| जनता समाजवादी पार्टी | ३ |
| नेकपा (एस) | १ |
| राष्ट्रिय जनमोर्चा | १ |
| स्वतन्त्र | १ |

**मधेश प्रदेश**

| | |
|---|---|
| नेकपा एमाले | २५ |
| नेपाली कांग्रेस | २२ |
| जसपा, नेपाल | १९ |
| जनमत पार्टी | १३ |
| लोसपा नेपाल | ९ |
| नेकपा (माओवादी केन्द्र) | ९ |
| नेकपा (एस) | ७ |
| नेपाल संघीय समाजवादी | १ |
| राप्रपा | १ |
| नागरिक उन्मुक्ति पार्टी | १ |

**केशरराज क्षेत्री** | *काठमाडौं*

विस्तृत शान्तिसम्झौतापछि पटकपटक सत्ताको स्वाद चाखिरहेको नेकपा (माओवादी केन्द्र) अबदेखि सत्ताहीन बन्ने सन्निकटमा पुगेको छ। पटकपटक एमाले कांग्रेससँगको सहयात्रा फेरिफेरि सत्तामा पुगेको माओवादी अरू कसैका कारण होइन्, आफ्नै चलाखीपनले सत्ताहीन बन्न थालेको विपक्षी दलका नेताहरूले टिप्पणी गरेका छन्। केन्द्रदेखि विभिन्न प्रदेश सरकारको नेतृत्व गरिरहेको माओवादी दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेको सहयात्रापछि एक्लिएको हो।

माओवादीले आफ्नो पटक क्षेत्रको रूपमा लिने प्रदेश हो लुम्बिनी। यस प्रदेशमा अहिले प्रदेश प्रमुख अमिक शेरचन, सभामुख तुलाराम घर्तीमगर र मुख्यमन्त्री जोखबहादुर महरा माओवादीकै छन्। प्रदेशमा हुने यी तीन शक्तिशाली पद कुनैबेला एमाले त कुनैबेला कांग्रेसको साथ लिएर माओवादीले आफ्नो पोल्टामा पार्‍यो। तेस्रो दल हुँदा पनि यी शक्तिशाली पद माओवादीले आफैं नेतृत्व गरिरहेको छ। महरासँगै रोल्पाका कुलप्रसाद केसी (सोनाम) पनि यसअघि मुख्यमन्त्री बनेका थिए।

केन्द्रमा सत्ता फेरिएसँगै सबैभन्दा धेरै चोट माओवादीलाई लुम्बिनीमा परेको सोही पार्टीका नेता, कार्यकर्ताहरू सुनाउँछन्। लुम्बिनी प्रदेशमा कुल ८७ सांसद् छन्। बहुमतका लागि ४४ सांसद् आवश्यक पर्छ। तर, एमाले र कांग्रेसमात्रै मिल्दा ५६ सांसद् पुग्छन्। यहाँ सरकारको नेतृत्वले नेकपा एमालेले पाउने देखिएको छ। एमालेका पोलिटब्युरो सदस्य एवं संसदीय दलका नेता लीला गिरी मुख्यमन्त्री बन्दैछन्। गिरी यसअघि पनि मुख्यमन्त्री भइसकेका हुन्।

माओवादीले आफ्नो आधार क्षेत्रको रूपमा लिने अर्को प्रदेश हो कर्णाली। यस प्रदेशमा पनि उक्त पार्टीले सरकारको नेतृत्व गरेको थियो। नेता महेन्द्रबहादुर शाही र राजकुमार शाहीले यो प्रदेशको नेतृत्व गरेका थिए। अब बन्ने नयाँ सरकारको नेतृत्व एमाले र कांग्रेसले आधाआधा कार्यकाल लिँदैछन्। कर्णालीमा कुल प्रदेशसभा सदस्य ४० जना छन्। बहुमतका लागि २१ मत आवश्यक पर्छ। कांग्रेस र एमाले मिल्दा २३ मत हुन्छ। कांग्रेसका १३, एमाले १०, माओवादी १३, राप्रपा, नेकपा (एकीकृत समाजवादी) र स्वतन्त्रको एक/एक जना सांसद् छन्। नयाँ बन्ने सरकारको नेतृत्व प्रदेशमा पनि एमाले कांग्रेसले भागबन्डा गरेका छन्। तर, मधेस प्रदेशमा जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री छन्। उनलाई एमालेले साथ दिएको हो। अबको बाँकी अवधि सिंहपछि एमाले, कांग्रेसले आलोपालो सरकारको नेतृत्व गर्ने सहमति भएको छ।

### अस्तित्व रक्षाको संकटमा

नेकपा एमालेका पोलिटब्युरो सदस्य एवं प्युठानका प्रतिनिधिसभा सदस्य सूर्य थापाले माओवादी अस्तित्व रक्षाको संकटमा पुगेको टिप्पणी गरे। ‘कि एमाले, कि त कांग्रेसको साथले सरकारको नेतृत्वमा पुग्यो’, थापाले भने, ‘प्रचण्डको आत्मरति, चञ्चलपन, चुलबुले र अराजनीति प्रवृत्तिले अब काम गर्दैन।’ नेता थापाले एमालेको साथमा बनेको माओवादी नेतृत्व सरकारको सुरुदेखि नै विरोध गर्दै आएका थिए। प्यूठानबाट पहिलोपटक संघीय सांसदमा निर्वाचन भएर काठमाडौं फर्किंदासमेत बुटवलमा थापाले सञ्चारकर्मीसँग प्रचण्डको नेतृत्वको सरकार बने आफूले संसद्भित्र र बाहिर विरोध गर्ने खरो रूपमा प्रतिक्रिया दिएका थिए। नेपाल सरकारका अर्थमन्त्री एवं माओवादी रोल्पाका नेता वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट भाषण गरिसकेपछि पनि सांसद् थापाले बजेटमाथि कडा टिप्पणी गरेका थिए।

आइतबार एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त हुँदैछन्। शपथग्रहण सोमबार मात्र हुने भएको छ। सम्भवत: सोमबार मन्त्रिमण्डल विस्तार हुने नेताहरूले बताएका छन्। केन्द्रमा सरकार बनेपछि मात्र प्रदेशमा सरकार बन्ने कसरत सुरु हुनेछ।

## बाणगंगा नदी कटानका कारण हर्दौना गाउँ उच्च जोखिममा



**गोपाल भण्डारी** | *कपिलवस्तु*

लगातारको वर्षापछि कपिलवस्तुको बाणगंगा नदीमा आएको बाढीले नदी कटान गर्न थालेपछि महाराजगन्ज नगरपालिका- १० हर्दौना गाउँका करिब ७ सय घर उच्च जोखिममा परेका छन्।

नदी कटानका कारण तटीय क्षेत्रका दुई घर विस्थापित भइसकेका छन्। बाणगंगा नदी हर्दौना गाउँ नजिकै कटान तीव्र हुन थालेपछि स्थानीय शिवपूजन गोडैत र उनका भाइ निरहु गोडैतलाई स्थानान्तरण गरिएको प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले बताए। नदी कटानका कारण घरबास गुमाएर विस्थापित भएका दुई परिवारको गाँस र बासको लागि उचित व्यवस्था मिलाई दिन स्थानीय नागरिक तथा राजनैतिक अगुवाहरूले तीनवटै तहका सरकारसँग माग गरेका छन्।

‘राती नदी गाउँ पस्छ कि भन्ने डरले हरदौना गाउँका अन्य घर परिवारहरू रातभर जाग्राम बस्ने गरेका छन्। नदीको वहाव बढेसँगै हाम्रो मुटुको धड्कन पनि बढ्छ। डर लाग्छ। रातभरि सुत्दैनौं,’ महाराजगन्ज नगरपालिका-१० की चिन्की रैदासले भनिन्, ‘धान गहुँ खाने खेत त गयो गयो अब घरबाससहित ज्यान नै जाने हो कि भन्ने डर छ। हाम्रो बर्सेनि यही समस्या हो तर कसैले सुन्दैन,’ भावुक हुँदै उनी भन्छिन्।

हरेक वर्ष नदी कटान हर्दौना गाउँतिर अघि बढे पनि यसको नियन्त्रणका लागि खासै प्रभावकारी काम गर्न नसक्दा नदीले गाउँबस्ती कटान गर्ने क्रम बढेको हो। हरदौना नदी तटीय क्षेत्रमा अधिकांश दलित समुदायका विपन्न सर्वसाधारणहरू बस्दै आएका छन्। बर्सेनि आफूहरूले भोग्दै आएको नदी कटानको समस्याबारे सम्बन्धित निकायले चासो नदिँदा उनीहरू आक्रोशितसमेत बनेका छन्। नदी कटानका कारण नदी तटीय क्षेत्रका कृषकको करिब एक हजार बिघा बढी खेत बगरमा परिणत भइसकेको छ।

बाणगंगा नदीको दक्षिणी तटीय सीमा क्षेत्र पारि भारतले सिँचाइ प्रयोजनका लागि ठूलो क्षमताको बाँध निर्माण गरेको छ। अघिल्ला वर्षहरूमा सो बाँधमा भारतीय पक्षले ढोका बन्द गरिदिँदा नदी कटान समस्या हुँदै आएको थियो। यस वर्ष भने भारतीय सिँचाइ बाँधको ढोका भने सबै खुला गरिए पनि कटान भने बढ्दै गएको छ।

» बाँकी पृष्ठ ६